# बाल अधिकार अनुगमनका लागि उच्चस्तरीय स्वतन्त्र संयन्त्र भनेको के हो ? र किन चाहिन्छ ?




## १. पृष्ठभूमि:

- बालबालिकाको अधिकारलाई पुर्णरुपमा कार्यान्वयन गर्नु सरकारको दायित्व हो। बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई नेपाल सरकारले सन् १९९० मा अनुमोदन गरेको छ। यो महासन्धिमा भएका अधिकारहरु आफ्नो देशका बालबालिकालाई पुर्णरुपमा प्रत्याभुत गर्ने वातावरण बनाउनु सम्बन्धित देशको दायित्व हो। अधिकारहरु कार्यान्वयन गर्न कानुन, नीति, योजना र कार्यक्रमहरु सरकारले निर्धारण गर्छ । ती प्रक्रियाहरुमा बालबालिका, नागरिक समाजको पनि योगदान, सहकार्य र साझेदारी रहन्छ।
- नेपालको संविधानको मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तमा समेत बालबालिकाका सवालहरुलाई महत्व दिइएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अरु विशेष ऐनहरुले पनि बालबालिकाका सवालहरुलाई केही हदसम्म सम्बोधन गरेको छ।
- ऐन, नियमावली, नीति, योजना र कार्यक्रमहरु मार्फत सरकारले बालबालिकाका सवालहरुलाई कार्यान्वयन गर्न प्रयास गरिरहेको छ । नेपाल सरकारलाई संयुक्त राष्ट्र संघबाट प्राप्त हुने सुझावहरुलाई पनि कार्यान्वयन गर्ने प्रयासमा नेपाल सरकार छ।
- नागरिक समाज, बालबालिकाका संगठनहरुसँग पनि सरकारले सहकार्य गरिरहेको छ। संघ, प्रदेश र स्थानीय तहको सरकारबाट बालबालिकाका सवालहरु सम्बोधन गर्ने क्रममा अहिले केही अन्यौलता भने छाएको छ।
- बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरे पछि, संयुक्त राष्ट्र संघको बाल अधिकार समितिले नेपालको हकमा कसरी यो महासन्धि कार्यान्वयन हुन्छ भन्ने विषय खुलाएको छ।
- बाल अधिकार पुर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने, बालबालिका माथि हुने विभिन्न हिंसा, दुर्व्यवहारहरुलाई कसरी सम्बोधन गर्ने, बाल अधिकार कार्यान्वयन भए नभएको मापन गर्नु पर्ने र बाल अधिकार समितिमा नियमित प्रतिवेदन पठाउनु पर्ने विशेष प्रावधान रहेको छ।
- यी सबै पक्षलाई नेपाल सरकारले स्वीकार गरिसकेको छ । संविधान, मुलुकी संहिताहरुका अलावा विशिष्ट ऐनका रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ मार्फत संरचनाहरु पनि निर्माण गरेको छ । बाल अधिकार कार्यान्वयन गर्न संघमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार परिषद् समिति र स्थानीयतहमा स्थानीय बाल अधिकार समिति रहने प्रावधान छ।
- बाल अधिकार कार्यान्वयन गर्ने क्रममा पनि बालबालिकाको सर्वोत्तम हित अनुकूल भएको छ या छैन भनेर मापन गर्नु उत्तिकै महत्वपुर्ण हुन्छ । साथै हिंसा, दुर्व्यवहार, हेला, तिरस्कार, बेचविखन, श्रम जस्ता जोखिमहरुमा परेका बालबालिकाले समयमा नै न्याय पाए पाएनन्, उनीहरुको संरक्षण कसरी हुन्छ भन्ने पनि उत्तिकै महत्वपुर्ण विषय हो।

- कानुनी विवादमा परेका बालबालिकालाई कसरी सरकारले सम्बोधन गर्छ, यस्ता बालबालिकाले गोपनीयताको हक कसरी प्रयोग गरिरहेका छन् । सेवा प्रवाह बाल संवेदनशील छ या छैन जस्ता विषयलाई सरकारले नजर अन्दाज गर्न सक्दैन ।
- सरकारले गरेका कामहरु, नागरिक समाजले गरेका कामहरुका बारेमा अनुगमन गर्ने संयन्त्रहरु पनि छन् । मन्त्रालयहरु, विभाग, बाल अधिकार परिषद्, स्थानीय बाल अधिकार समितिहरुले अनुगमन गर्न सक्छन् र गरिरहेका पनि छन् ।

## २. बाल अधिकार अनुगमनका लागि उच्चस्तरीय स्वतन्त्र संयन्त्र भनेको के हो ?

बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि नेपालले जनाएको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धता, राष्ट्रिय प्राथमिकता बमोजिम बाल अधिकार कार्यान्वयन भए नभएको अनुगमन गर्ने, सो विषयमा सरकारलाई जिम्मेवार बनाउने, बाल अधिकार उल्लंघनको घटनाहरुको स्वतन्त्र रुपमा अनुगमन, अनुसन्धान र सिफारिस गर्न सक्ने एक उच्चस्तरीय स्वतन्त्र संयन्त्र नै बाल अधिकार अनुगमनका लागि उच्च स्तरीय स्वतन्त्र समाज हो ।

## ३. बाल अधिकार अनुगमनका लागि उच्च स्तरीय संयन्त्र किन आवश्यक छ ?

संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्ले पटक पटक नेपाल सरकारलाई यस्तो उच्चस्तरीय संयन्त्र बनाउन सिफारिस गरेको छ । बाल अधिकार कार्यान्वयनको अवस्थाका बारेमा नेपाल सरकारले महासन्धिको प्रतिवेदन पठाए पश्चात संयुक्त राष्ट्र संघको बाल अधिकार समितिबाट सरकारलाई प्राप्त हुने समापन टिप्पणीमा पनि यस्तो संयन्त्र बनाउन पटक पटक आग्रह गरिएको छ ।

- बाल अधिकार कार्यान्वयनका लागि नेपाल सरकारले गठन गरेको राष्ट्रिय बाल अधिकार परिषद्लाई थप सवल र प्रभावकारी बनाउन, अन्तर मन्त्रालय, सरकारहरु बिच हुने शक्ति संघर्षका कारण बाल अधिकार उल्लंघन हुने वातावरण रोक्न पनि यो संयन्त्र आवश्क छ ।
- बाल अधिकार सम्बन्धी नियम, कानुनहरुलाई कार्यान्वयन गर्न, समयमा प्रतिवेदनहरु बुझाउन, पीडितलाई समयमै न्यायन दिने वातावरण बनाउन पनि यो संयन्त्र आवश्यक छ । यो संयन्त्र कार्यपालिका अर्थात सरकारको अंग नभई एक स्वत्रन्त्र संयन्त्र हो । जसले सरकारका कामहरु अनुगन गर्ने, अनुसन्धान गर्ने र सरकारलाई सिफारिस गर्ने काम गर्छ ।
- बाल अधिकारको पुर्ण कार्यान्वयन गर्न, सरकारका निकायहरुलाई जिम्मेवार बनाउन र बाल अधिकार उल्लंघनका घटनाहरुलाई बालबालिकाको सर्वोत्तम हित अनुकुल न्यायिक वातारण बनाउन यो संयन्त्र आवश्यक देखिएको हो ।
- बालबालिकाका सवालहरुलाई सरकारले सम्बोधन गरेन, कम महत्व दिने वातावरण बन्यो, पीडितले सममै न्याय पाएन, बालबालिकामा लगानी भएन, अन्तर मन्त्रालय बिच सहकार्य नभएका कारण बालबालिका पीडित हुने अवस्था सिर्जना भयो, अन्तरदेशीय सवालहरुका बारेमा ध्यान गएन भने यस्तो संयन्त्रले सरकारलाई जवाफदेही बनाउन सक्छ ।
- कानुन, नीति, योजना र कार्यक्रमहरु बालबालिकाको हितमा रहे नरहेको मुल्याङ्कन गरी सरकारलाई जिम्मेवार बनाउन यो संयन्त्रले सक्छ ।

## नेपालको हकमा कस्तो हुन सक्छ यो संयन्त्र

राष्ट्रिय मानव अधिकार आयोगमा बाल अधिकार आयुक्त नियुक्त हुने । आयोगमा बाल अधिकार महाशाखा, शाखा, प्रदेश कार्यालयहरुमा बाल अधिकार अधिकृतहरु हुने । अनुगमन, अनुसन्धान गर्ने प्रक्रिया बाल अधिकार केन्द्रित हुने ।

अथवा

बाल अधिकार आयोगको गठन । शुरुमा कानुनी आयोगको रुपमा बाल अधिकार आयोग गठन गरी संवैधानिक आयोग बनाउन सकिन्छ ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान

**बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)**

नयाँ बानेश्वर, थापागाउँ, काठमाडौं

फोन नं.: ०१-५२४४०६२

इमेलः czopp.central@gmail.com

वेवसाइटः www.czopnepal.org

**Save the Children**

शम्भु मार्ग, कृष्ण भवन, एयरपोर्ट गेट

काठमाडौं, नेपाल

फोन नं.: ०१-४४६५४०२

वेवसाइटः www.nepal.savethechildren.net